# ओरेगन प्रदायक समय क्याप्चर

# सहायता गाइड

यो गाइड ग्राहकहरु, ग्राहक-रोजगारदाताका प्रतिनिधिहरु होमकेयर वर्करहरुर र व्यक्तिगत केयर प्रदायकहरुको लागि हो | यसमा निम्न सूचनाहरु छन :

- कसरी OR PTC DCI (ओरेगन प्रदायक समय क्याप्चर डाइरेक्ट केयर इंनोभेसन) विद्युतीय रूपमा समय राख्ने कार्य सुरु गर्ने, र
- यदि तपाईंलाई मद्दत चाहिन्छ भने कसलाई सम्पर्क गर्ने सम्वन्धि सूचनाहरु |

## विषयसूची


**संक्षेपमा ........................................................................1**

**समय राख्ने बिकल्प छान्नुहोस् | ..............................................2**

**लग इन सूचना ..................................................................3**

**प्रत्येक OR PTC DCI का बिकल्पहरु सुरु गर्ने ....................................4**

**मद्दत आवश्यक छ? ..............................................................5**

**प्राय: जसो सोधिने प्रश्नहरू(FAQs) ..............................................7**


## संक्षेपमा

- OR PTC DCI भनेको ओरेगन प्रदायक समय क्याप्चर डाइरेक्ट केयर इंनोभेसन हो | यो विद्युतीय समय राख्ने प्रविधिले कागजी भौचरलाई २०२१ को सेप्टेम्बरमा प्रतिस्थापन गर्यो |
- २१औं शताब्दीको क्युरेस कानून अनुसार व्यक्तिगत सेवाहरु प्रदान गरेपछि संघीय सरकारले केहि सूचनाहरु विद्युतीय मध्यमबाट संकलन गर्न आदेश दिएको छ | यस आवश्यकतालाई इलेक्ट्रोनिक भिजिट भेरिफिकेसन (EVV) भनिन्छ |
- OR PTC DCI ले संघीय EVV आवश्यकता पुरा गर्न निम्न सूचनाहरु संकलन गर्छ |
    - सेवाको प्रकार
    - सेवा प्राप्त गर्ने ग्राहक

    - सेवा प्रदान गर्ने प्रदायक
    - सेवाको मिति
    - सेवा प्रदान गरेको स्थान, र
    - सेवा सुरु गरेको र अन्त्य भएको  समय
- कम गरेको समय क्याप्चर गर्न OR PTC DCI मा विभिन्न छनोटहरु छन् | प्रदायकहरु र ग्राहकहरुले मिलेर उनीहरुको लागि सर्वोत्तम तरिका निश्चित गर्न सक्छन | आवश्यकता परेमा तपाईंहरुले एक भन्दा बढी तरिकाहरु छान्न सक्नुहुन्छ, तर तपाईंले आफ्नो शिफ्टमा एउटी तरिकामा अडिग हुनु पर्छ | उदाहरणको लागि, यदि तपाईं मोबाइल यापबाट लग इन गर्नु भयो भने, तपाईंले मोबाइल यापबाट क्लक आउट गर्नु पर्छ |

## समय राख्ने बिकल्प छान्नुहोस् |

**OR PTC DCI मोबाइल याप |**

यो नी:शुल्क मोबाइल याप सबै भन्दा रुचाईएको बिकल्प हो|  प्रदायकहरुले क्लक इन क्लक आउट, घण्टाहरु हेर्न, र नोट लेख्न मोबाइल याप प्रयोग गर्न सक्छन | मोबाइल यापमा, ग्रहकहरुले कुनै पनि कार्य गर्न आवश्यक छैन, तर चाहेमा गर्न सक्छन |  ग्राहकहरु सँग पिन/पासवर्ड वा विद्युतीय गरेर साइन आफ गर्न बिकल्प छ, वा उनीहरुले केहि नगर्न पनि सक्छन |

मोबाइल याप अपांग मानिसहरुको पहुँचमा पनि छ र अंग्रेजी, भियतनामी , रुसी, सरलीकृत चाइनिज, अरबी, र सोमाली भाषामा उपलब्ध छ (समय अनुसार थप भाषाहरु थपिने छन् ) | मोबाइल यापमा अफलाइन मोड पनि छ तसर्थ प्रदायकहरुले इन्टरनेट बिना पनि क्लक इन र आउट गर्न सक्छन | प्रदायकहरुले बढीमा १० चोटी लगतार ५ दिन सम्म मोबाइल डाटा वा वाईफाई नाजोडीकन सूचनाहरु भर्न सक्छन | एपल याप स्टोर वा गुगल प्ले स्टोरमा **OR PTC DCI** लाई खोज्नुहोस |

OR PTC DCI मोबाइल यापको आइकन :

**OR PTC DCI ल्याण्ड लाइन :**

यदि प्रदायकसँग स्मार्ट फोन वा स्मार्ट डिभाइस छैन भने, र ग्राहकहरुको ल्याण्ड लाइनको फोन छ भने OR PTC DCI ल्याण्ड लाइन राम्रो बिकल्प हो | प्रदायकहरुले ग्राहकको ल्याण्ड लाइन प्रयोग गरेर निर्देशन अनुसार उनीहरुको समय बुझाउँछन् | यो दैनिक समय बुझाउन वा अघिल्लो दिनको समय

बुझाउन प्रयोग गर्न सकिन्छ | नोट: यो बिकल्प प्रयोग गर्न, ग्राहकको ल्याण्ड लाइन ODHS/OHAको उक्त ग्राहकको फाइलमा रहेको नम्बर सँग मिल्नु पर्छ |

OR PTC DCI ल्याण्ड लाइन फोन नम्बरहरु:


- अंग्रेजी र स्प्यानिस  844-856-9560
- अंग्रेजी र भियतनामी  833-640-1295
- अंग्रेजी र रसियन:  844-334-7318
- अन्ग्रेजी र म्यान्डेरियन : 844-331-0241
- अंग्रेजी र अरबी : 844-311-4160

**OR PTC DCI fob**

यदि ग्राहकको ल्याण्ड लाइन फोन छैन भने र कसैको पनि स्मार्ट डिभाइसमा पहुँच छैन भने, प्रदायकहरुले fob प्रयोग गरेर समय क्याप्चर गर्न सक्छन | Fob भनेको एक सानो यन्त्र हो जुन संधै ग्राहकको घरमा जहाँ सेवाहरु प्रदान गरिन्छ त्यहाँ रहेको हुन्छ | फोबले ६-अंकको कोड जसलाई “टोकन” भनिन्छ सो शिफ्टको सुरु र अन्त्यमा निकाल्छ | प्रदायकले यी कोडहरु दैनिक कागज मा लेख्छन र तिनलाई  OR PTC DCI को वेब पोर्टल मा **https://orptc.dcisoftware.com/** मा तलब जम्मा समय भन्दा अघि भर्छन | ग्राहकहरुले fob प्रयोग गरेको समयमा केहि गर्नु पर्दैन | यदि फोब यन्त्रको आवश्यकता परेमा ग्राहक वा प्रदायकले ग्राहकको केस म्यानेजरलाई fob को माग गर्नु पर्छ |

हेर्नु होस् छिटो रेफरेन्स गाइड-fob कसरी प्रयोग गर्ने फोब कसरी प्रयोग गर्ने भनेर थप जान्न |

फोब यन्त्रको चित्र




## लग इन सूचना

तपाईंले यो गाइड प्राप्त गरे पछी OR PTC DCI मा लग इन गर्न सक्नु हुन्छ |

**OR PTC DCI को मोबाइल याप, र OR PTC DCI को वेब पोर्टलमा लग इन गर्ने सूचना:**

**युजर नेम: पहिलो नाम.थर**

**(उदाहरण: john.smith )**

तपाईंको युजर नेम धेरै जस्तो तपाईंको पहिलो र अन्तिम नाम हुन्छ | यदि तपाईंलाई लग इन गर्न गार्हो भए, कृपया तपाईंको स्थानीय अफिसमा सम्पर्क गर्नुहोस |

**अस्थाई पासवर्ड: ORptc2021!**

तपाईं पहिलो चोटी लग इन गर्दा यो अस्थाई पासवर्ड प्रयोग गर्नुहोस, त्यसपछी तपाईंलाई आफ्नो छनोटको बलियो पासवर्ड परिवर्तन गर्न भनिनेछ | तपाईंको पासवर्ड परिवर्तन गर्दा, निम्न पासवर्ड सम्वन्धि नियमहरु दिमागमा राख्नुहोस | तपाईंको पासवर्ड:

- कम्तिमा १० अक्षर हुनु पर्छ
- अनिवार्य रूपमा एक ठुलो अक्षर, एक सानो अक्षर, एक अंक र एक बिशेष अक्षर हुनुपर्छ
- लगतै एकै अक्षर दोहोरिनु हुँदैन
- तपाईंको युजर नेमको दुइ भन्दा बढी अक्षर हुनु हुँदैन |

उदाहरणका लागि: यदि तपाईंको युजर नेम john.smith हो भने , JSmith175qw4! ले पासवर्डको काम गर्दैन किन भने यसले तपाईंको युजर नेमबाट लगातार तिन अक्षर लिन्छ

तपाईंले OR PTC DCI को पासवर्ड हरेक ६० दिनमा परिवर्तन गर्नु पर्छ, र तपाईंको पछिल्लो २४ पासवर्ड प्रयोग गर्न सक्नुहुन्न |

**पिन**

सबै प्रयोगकर्ताहरुलाई उनीहरुको घरको फोनको अन्तिम ४ अंकमा आधारित पिन प्रदान गरिने छ| यदि फाइलमा घरको फोन नम्बर छैन भने, स्वचालित रुपमा प्रदान गरिने पिन ०००० हो यो पिन मोबाइल याप वा ल्याण्ड लाइनमा समयमा लग इन वा साइन अफ गर्न प्रयोग गरिन्छ |

## प्रत्येक OR PTC DCI का बिकल्पहरु सुरु गर्ने

### OR PTC DCI मोबाइल याप

यदि तपाईं OR PTC DCI को मोबाइल याप प्रयोग गर्न चाहनु हुन्छ भने, तपाईंको स्मार्ट फोन वा स्मार्ट डिभाइसमा केवल डाउनलोड गर्नुहोस | मोबाइल याप एंडरोइड सफ्टवेयरको 8 औं भर्जन वा माथि, र एपल सफ्टवेयरको भर्जन १३ भन्दा माथिमा चल्छ |

तपाईंले त्यस पछी आफ्नो लग इन सूचना प्रयोग गरेर मोबाइल यापमा लग इन गर्न सक्नुहुन्छ |

### OR PTC DCI ल्याण्ड लाईन

ग्राहकहरु: ODHS/OHA को फाइलमा सहि मोबाइल नम्बर छ भनेर निश्चित गर्नुहोस | यदि तपाईंको नम्बर फाइलमा छ र तपाईं OR PTC DCI मा दर्ता हुनुहुन्छ भने तपाईंले ल्याण्ड लाइन बिकल्पको लागि अन्य केहि गर्नु पर्दैन |

यदि तपाईंलाई समस्या पर्यो वा सहयोग चाहिन्छ भने, निश्चित गर्नुहोस कि तपाईं त्यहि ODHS/OHA मा ग्राहकको लागि रहेको ल्याण्ड लाइन प्रयोग गर्दै हुनुहुन्छ |

यदि तपाईंलाई अझै पनि सहयोग चाहिन्छ भने, DCI को सहयोग डेस्कमा 1-855-565-0155 मा फोन गर्नुहोस वा इमेल गर्नुहोस ORPTCSupport@dcisoftware.com मा |

### OR PTC DCI fob

यदि प्रदायकको स्मार्ट फोन वा स्मार्ट डिभाइसमा पहुँच छैन भने र ग्राहकको ल्याण्ड लाइन फोन छैन भने, अर्को बिकल्प OR PTC DCI fob हो | यदि fob आवश्यक पर्यो भने ग्राहकले अनिवार्य रूपमा उनीहरुको स्थानीय अफिसबाट माग गर्नु पर्छ | Fob मेलमा प्राप्त गर्न केहि हप्ता लाग्न सक्छ | Fob प्राप्त गर्न कुर्दै गर्दा, प्रदायकहरुले वेब पोर्टलमा समयको लगत राख्न सक्छन | कृपया सम्झिनुहोस, ऐतिहासिक समयको लगत संधै प्रयोग गर्नु हुँदैन, केवल प्रदायकले EVV मध्यको कुनै पनि बिकल्प प्रयोग गर्न नसके मात्र प्रयोग गर्नु पर्छ |

एक चोटी प्राप्त गरिसके पछी कृपया fob लाई ग्राहकले सेवा प्राप्त गर्ने स्थान नजिकै सुरक्षित स्थानमा राख्नुहोस | प्रदायकले fob लाई उनीहरुको शिफ्टको सुरु र अन्त्यमा पहुँच हुने स्थानमा सुरक्षित गर्नु पर्छ | ग्राहकहरुले अन्य कुनै कार्य गर्नु पर्दैन

प्रदायकहरुले उनीहरुको fob कोड र काम गरेको समय र मिति भर्नु पर्छ | तपाईंले PTC को वेबसाइट PTC.Oregon.gov को सिक्ने सामग्री भागमा रेकर्ड गर्न सिफारिस गरिएको टाइमसिट प्राप्त गर्न सक्नुहुन्छ | यो टाइमसिट बिभिन्न भाषाहरुमा उपलब्ध छ | नोट: Fob टाइम सहित तपाईंको रेकर्डको लागि मात्र हो र स्थानीय अफिसमा दिन मिल्दैन | कामको लागि भुक्तानी लिन तपाईंले अनिवार्य रुपमा शिफ्टको सूचना र fob कोडहरु वेब पोर्टलमा राख्नु पर्छ |

यदि तपाईंले काम नगर्ने fob प्राप्त गर्नु भयो वा सो बिग्रिएको छ भने कृपया सम्पर्क गर्नुहोस PTC.Support@odhsoha.oregon.gov वा तपाईंको स्थानीय अफिस |

## मद्दत आवश्यक छ?

प्रदायक शिक्षा सामग्रीहरुको क्याटलग मा प्रदायकहरुको लागि धेरै सूचनाहरु छन् जसमा प्रदायक गाइड, धेरै तत्काल रिफरेन्स गाइडहरु(QRGहरु), अनलाइन सिक्ने सामग्रीहरु र भिडीयोहरु छन् |

पढ़ने क्याटलग प्रदान गर्ने:

- عربي (Arabic)
- 简体中文 (Simplified Chinese)
- 繁體中文 (Traditional Chinese)
- فارسی (Farsi)
- ខ្មែរ (Khmer/Cambodian)
- 한국어 (Korean)
- ພາສາລາວ (Lao)
- नेपाली (Nepali)
- Română (Romanian)
- Русский (Russian)
- Soomaali (Somali)
- Español (Spanish)
- Tiếng Việt (Vietnamese)

## होम केयर वर्करहरुको (HCWहरु) लागि सहयता |

ओरेगन मानव सेवा बिभाग (ODHS) को मार्फत होम केयर वेकरहरु र घर भित्र बसेर सेवा प्रदान गर्ने सेवा प्रदायकहरु |

**तपाईंको स्थानीय ODHS) कार्यालयमा सम्पर्क गर्नुहोस** यदि तपाईंको सेवाको योजना, कार्यहरु, स्वीकृत घण्टा, नीतिहरु, सम्पर्क सूचनाहरु अद्यावधिक, वा नयाँ प्रदायक वा ग्राहकसँग सुरु गर्ने आदि सेवाको बारेमा प्रश्नहरु छन् भने |

ग्राहक सेवा सम्वन्धि प्रश्नहरुको लागि र अनलाइन **OHCC गुनासो बुझाउने फारम** मार्फत गुनासो बुझाउन ओरेगन होम केयर कमिसनमा सम्पर्क गर्नुहोस |

## ब्यक्तिगत केयर अटेंडेन्टहरुको सहयोगको लागि

ब्यक्तिगत केयर अटेंडेन्टहरु व्यवहारिक स्वास्थ्य सम्वन्धि घर भित्र सेवा प्रदान गर्ने प्रदायेकहरु हुन् जसको सेवाहरु ओरेगन हेल्थ अथोरिटी बाट स्वीकृत गरिएको हुन्छ |

यदि तपाईं नयाँ हुनुहुन्छ र OR PTC DCI मा सुरु गर्न सहयोग चाहिन्छ भने, तपाईंको युजर नेम निश्चित गर्न चाहनु हुन्छ भने वा भुक्तानी सम्वन्धि समस्या छन् भने कृपया 503-945-9708 मा वा PC.20@odhsoha.oregon.gov मा सम्पर्क गर्नुहोस |

यदि तपाईंको स्वीकृत घण्टाको संख्याको बारेमा, छुट, सेवाको योजना, वा कार्यहरुको बारेमा प्रश्न छन् भने कोमगिनलाई 888-416-3184 मा वा 2]ORBHSupport@comagine.org मा सम्पर्क गर्नुहोस |

## DCI सहयोग डेस्क

निम्न सहयोगको लागि फोन गर्नुहोस  1-855-565-0155 वा इमेल ।
ORPTCSupport@dcisoftware.com गर्नुहोस:

- सामान्य सिस्टम थाहा पाउन
- लग इन गर्न, र
- सिस्टममा खराबी (नचल्ने पेज वा सर्भरमा खराबी, आदि)

### प्रदायक समय क्याप्चर सहयोग

इमेल PTC.Support@odhsoha.oregon.gov यदि तपाईंलाई चाहिएको सहयोग अन्य श्रोतबाट प्राप्त गर्नु भएको छैन भने |

## प्राय: जसो सोधिने प्रश्नहरू(FAQs)

निम्न प्रश्नहरु प्रदायक र ग्राहकहरुले सामान्य रुपमा सोधी रहने प्रश्नहरु हुन्: अद्यावधिक प्रश्न उत्तरको लागि PTC.Oregon.gov मा जानुहोस |

### OR PTC DCI प्रयोग गर्न नपर्ने अवस्थाहरु छन्? के म कागजी भौचर प्रयोग गरि रहन सक्छु?

सक्नुहुन्न. संघीय नीतिको कारणले, कागजी भौचर हालको र भविष्यको भुक्तानी गर्न प्रयोग गर्न मिल्दैन | प्रदायकहरुले अनिवार्य रूपमा OR PTC DCI प्रयोग गरेर आफ्नो समय विद्युतीय रूपमा प्रदान गर्न सक्छन |

### यदि मलाई OR PTC DCI को सबै भन्दा उत्तम विकल्प छान्न सहयोग चाहियो भने के गर्नु पर्छ ?

ग्राहकको केस म्यानेजरलाई सम्पर्क गर्नु पहिलो राम्रो कदम हो | तपाईंको सामु रहेको प्रविधि बाँड्नुहोस, र उनीहरुले तपाईंलाई  कुन OR PTC DCI को बिकल्प उत्तम हुन्छ भनेर छान्न मद्दत गर्छन | तपाईं लाई सहयोगी श्रोतहरु PTC.Oregon.gov मा पनि प्राप्त गर्न सक्नुहुन्छ |

### OR PTC DCI मा कुन भाषाहरु र पहुँचका  उपायहरु उपलब्ध छन् ?

OR PTC DCI ले संघीय पहुँचको नीति मानेको हुन्छ र स्क्रिन रिडरसँग प्रयोग गर्न सकिन्छ |  यो अंग्रेजी, स्प्यानिस, रसियन, सरलीकृत चाइनिज, भियतनामी, अरबी, व सोमाली भाषाहरुमा उपलब्ध छ | थप भाषाहरु छिट्टै थपिने छन् |

तालिमको सामाग्रीहरु र OR PTC DCI fob टाइम सिटहरु अंग्रेजी, स्प्यानिस, अरबी, फारसी, खमेर, कोरियाली, लाओ, नेपाली, रोमेनियन  रसियन, सरलीकृत चाइनिज, सोमाली,पुरानो चाइनिज, र भियतनामी भाषाहरुमा उपलब्ध छ |

**प्रदायकहरु आफ्नो निर्धारित OR PTC DCI को घण्टा भन्दा बढी गएके हुन्छ ?**

यदि तपाईंले दाखिला गरेको समयले तपाईंलाई निर्धारित घण्टा भन्दा बढी गराउछ भने, यसले OR PTC DCI मा गल्ति संकेत गर्छ | तपाईंले समयको इन्ट्री त बनाउन सक्नुहुन्छ, तैपनि यसको भुक्तानी जब सम्म निर्धारित घण्टा अनुरुप सच्याइंदैन तब सम्म प्रदान गरिंदैन | आफ्नो समयको इन्ट्री कसरी सच्याउने भनेर जान्न OR PTC DCI मा सिक्ने सामग्रीहरु हेर्नुहोस |

**के एक भन्दा बढी प्रदायकहरुले यौटै ग्राहकको लागि एकै समयमा OR PTC DCI अन्तर्गत सेवा प्रदान गर्न सक्छन र त्यसको घण्टा राख्न पाउँछन ?**

हो, उनीहरुले सक्छन |

**कागजी भौचरमा, प्रदायकहरुले भौचरहरुको पछाडी गरेको कार्यहरुको बरेमा नोट लेख्न सक्थे | के यो OR PTC DCI मा प्राप्त हुन्छ?**

हो, प्रदायकहरुले OR PTC DCI भित्रको समय इन्ट्रीमा नोटहरु लेख्न सक्छन (वेब पोर्टल वा मोबाइल यापमा )| OR PTC DCI भित्र केस म्यानेजरहरुले यी नोटहरु हेर्न सक्छन | इन्ट्री नोटहरु बैकल्पिक हुन् र तिनलाई आकस्मिक संचारको रुपमा लिनु हुँदैन |

OREGON PROVIDER Time Capture